# प्रदेश लोक सेवा आयोग

## प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा

कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

Web-https://ppsc.karnali.gov.np
*Email:- ppsckarnali@gmail.com*
*admin.ppsc@karnali.gov.np*

### स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूहका प्राविधिक तर्फ पाँचौ तहका पदहरुको

## बढुवाद्वारा पदपूर्ति हुने पदसंख्या सम्बन्धी सूचना

**सूचना नं.-१५८।२०८०।०८१** **प्रकाशन मितिः- २०८०।१०।२३**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा व्यवस्था भएबमोजिम कर्णाली प्रदेशका विभिन्न स्थानीय तहहरुमा रिक्त रहेका पदहरुको पदपूर्तिका लागि सम्बन्धित स्थानीय तहबाट प्राप्त माग संख्याको प्रतिशत निर्धारण गरी कायम भएका बढुवाद्वारा पूर्ति हुने पद संख्याको विवरण आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/** मा राखिएको छ। बढुवा तर्फका उक्त पदहरुको पदपूर्ति कर्णाली प्रदेश सरकारबाट स्थानीय सेवा सम्बन्धी कानून जारी भए पछि सोही कानूनबमोजिम हुने व्यहोरा समेत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूहका प्राविधिक तर्फ पाँचौ तहका पदहरुको

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं.-१५९।२०८०।०८१** **प्रकाशन मितिः- २०८०।१०।२३**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा व्यवस्था भए बमोजिम कर्णाली प्रदेशका विभिन्न स्थानीय तहहरुमा रिक्त रहेका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिएको छ। तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np/** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित स्थानीय तहमा सिफारिस गरिनेछ।

| सि.नं. | वि.नं. | किसिम | पद | सेवा-समूह-उपसमूह | जम्मा पद संख्या | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ५०८।२०८०-०८१ | खुला | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | ३ | २०८०।१२।३० दिनको ४:०० बजे |
| २ | ५०९।२०८०-०८१ | महिला | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | २ | |
| ३ | ५१०।२०८०-०८१ | आ.ज. | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | २ | |
| ४ | ५११।२०८०-०८१ | खुला | प्राविधिक सहायक | कृषि-समूहकृत नहुने | ३ | २०८१।०१।०३ बिहान ८:०० बजे |
| ५ | ५१२।२०८०-०८१ | खुला | पशु स्वास्थ्य प्राविधिक | कृषि-भेटेरीनरी | १ | २०८१।०१।०८ बिहान ८:०० बजे |

| सि. नं. | वि.नं. | किसिम | पद | सेवा-समूह-उपसमूह | जम्मा पद संख्या | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|---|
| | | | पशु सेवा प्राविधिक | कृषि-ला.पो.डे.डे. | ७ | |
| ६ | ५१३।२०८०-०८१ | खुला | कम्प्युटर अपरेटर | विविध | २ | २०८१।०१।०८ दिनको २:०० बजे |
| ७ | ५१४।२०८०-०८१ | महिला | कम्प्युटर अपरेटर | विविध | ३ | |
| ८ | ५१५।२०८०-०८१ | खुला | प्राविधिक सहायक | शिक्षा-शिक्षा प्रशासन | १ | २०८१।०१।१२ बिहान ८:०० बजे |
| ९ | ५१६।२०८०-०८१ | खुला | पब्लिक हेल्थ नर्स | स्वास्थ्य-क.न. | ५ | २०८१।०१।१५ बिहान ८:०० बजे |
| १० | ५१७।२०८०-०८१ | खुला | स्टाफ नर्स | स्वास्थ्य-ज.न. | १ | २०८१।०१।१५ दिनको १:०० बजे |
| ११ | ५१८।२०८०-०८१ | खुला | हेल्थ असिष्टेन्ट | स्वास्थ्य-हे.ई. | २ | २०८१।०१।१९ बिहान ८:०० बजे |
| १२ | ५१९।२०८०-०८१ | खुला | कविराज | स्वास्थ्य-आयुर्वेद | १ | २०८१।०१।१९ दिनको १:०० बजे |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (सम्बन्धित पाठ्यक्रममा उल्लेख भए बमोजिम)।

**परीक्षा केन्द्रः-** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ५००।- बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर रु. २५०।- बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवारहरुले तोकिएको wallet हरुको प्रयोग गरी तत्कालैं भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरुले तोकिएका बैंकहरु मध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधि भित्र बुझाई सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ।

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://ppsconline.karnali.gov.np/ बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव,समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरण एवं कागजातका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०।११।१४ सम्म र दोब्बर दस्तुर तिरी २०८०।११।२१ सम्म।

**उम्मेदवारको उमेरको हदः-** वि.सं. २०८०।११।१४ सम्म १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।स्वास्थ्य सेवाको हकमा ४५ वर्ष ननाघेको।तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** स्थानीय तहको कानून बमोजिम।

**तलब, सेवा शर्त तथा सुविधाः-**स्थानीय तहको कानून बमोजिम।

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत

**आवश्यक न्यूनतम योग्यता**

१. **सब इञ्जिनियर, इञ्जिनियरिङ, सिभिल, जनरल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्निनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

२. **प्राविधिक सहायक, कृषि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी कृषि विज्ञान विषयमा न्यूनतम ३ वर्ष अवधिको डिप्लोमा कोर्ष उत्तीर्ण वा कृषि विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।

३. **पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरीनरी/ला.पो.डे.डे.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (आइ.एस्सी.एगृ) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।

४. **कम्प्युटर अपरेटर, विविध** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

५. **प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

६. **प.हे.न., स्वास्थ्य, कम्युनिटी नर्सिङ** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

७. **स्टाफ नर्स, स्वास्थ्य ,जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

८. **हेल्थ असिस्टेन्ट, स्वास्थ्य, हे.ई. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

९. **कविराज, स्वास्थ्य, आर्युविद, जनरल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्युवेद विषयमा प्रमाणपत्र तह उर्तीण।

## खुला तथा समावेशी परीक्षाको लागि सूचना

१. प्रचलित निजामती सेवा सम्बन्धी कानून (निजामती सेवा ऐन, २०४९ को दफा १०) र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

२. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरुको लागि प्रथम चरणमा उत्तीर्ण गरेको उम्मेदवारहरुलाई मात्र द्वितीय चरणमा सहभागी गराईनेछ।

३. खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ। (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन)

४. खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

५. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारले कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। सीप परीक्षण/प्रयोगात्मक परीक्षामा अनुपस्थित भएका उम्मेदवारहरुलाई अन्तर्वार्तामा समावेश गराइनेछैन।

६. समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

७. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर प्रयोगात्मक वा सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर प्रयोगात्मक वा सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

८. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको स्थानीय तहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्तसाथ पेश नभएको पाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएकोमा सोही सूचीको आधारमा र नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको समान तहमा स्थायी नियुक्ति प्राप्त गरी सेवारत कर्मचारीहरुले यस विज्ञापनमा दरखास्त दिन पाइने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको सक्कलै प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण अनिवार्य रुपमा गराएको हुनुपर्नेछ।

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन।

(ज) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ। उम्मेदवारको फाराम स्वीकृती/अस्वीकृती तथा नतिजा सम्बन्धी विवरण सिधै मोबाइल मार्फत जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।

(झ) आफू उम्मेदवार हुन चाहेको खुला तथा समावेशी तर्फको विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ।

(ञ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ट) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

(ठ) पाठ्यक्रम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/** बाट प्राप्त गर्न सकिने छ।

(ड) विज्ञापित पदहरु र सो सँग सम्बन्धित पूर्ण विवरण आयोगको वेबसाइटबाट प्राप्त गर्न सकिने छ।

**स्थानीय सरकारी सेवाको सहायकस्तर पाँचौं तह प्राविधिक तर्फको खुला तथा समावेशी समूहको लागि प्रकाशित विज्ञापनको विस्तृत विवरण**

| सि.नं. | वि.नं. | किसिम | पद | सेवा-समूह-उपसमूह | जम्मा पद संख्या | रिक्त निकाय/ स्थानीय तह | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ५०८।२०८०-०८१ | खुला | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | ३ | काईके गाउँपालिका, डोल्पा | १ |
| | | | | | | बारेकोट गाउँपालिका, जाजरकोट | १ |
| | | | | | | मुसिकोट नगरपालिका, रुकुम-पश्चिम | १ |
| २ | ५०९।२०८०-०८१ | महिला | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | २ | कुमाख गाउँपालिका, सल्यान | १ |
| | | | | | | गुर्भाकोट नगरपालिका, सुर्खेत | १ |
| ३ | ५१०।२०८०-०८१ | आ.ज. | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | २ | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |
| | | | | | | दुल्लु नगरपालिका, दैलेख | १ |
| ४ | ५११।२०८०-०८१ | खुला | प्राविधिक सहायक | कृषि-समूहकृत नहुने | ३ | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |
| | | | | | | बराहताल गाउँपालिका, सुर्खेत | १ |
| | | | | | | सिमकोट गाउँपालिका, हुम्ला | १ |
| ५ | ५१२।२०८०-०८१ | खुला | पशु स्वास्थ्य प्राविधिक | कृषि-भेटेरीनरी | १ | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |
| | | | पशु सेवा प्राविधिक | कृषि-ला.पो.डे.डे. | ७ | हिमा गाउँपालिका, जुम्ला | १ |
| | | | | | | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |
| | | | | | | महावै गाउँपालिका, कालिकोट | १ |
| | | | | | | सिमकोट गाउँपालिका, हुम्ला | १ |
| | | | | | | नाम्खा गाउँपालिका, हुम्ला | १ |
| | | | | | | दुल्लु नगरपालिका, दैलेख | १ |
| | | | | | | बराहताल गाउँपालिका, सुर्खेत | १ |
| ६ | ५१३।२०८०-०८१ | खुला | कम्प्युटर अपरेटर | विविध | २ | चौकुने गाउँपालिका, सुर्खेत | १ |
| | | | | | | सर्केगाड गाउँपालिका, हुम्ला | १ |
| ७ | ५१४।२०८०-०८१ | महिला | कम्प्युटर अपरेटर | विविध | ३ | हिमा गाउँपालिका, जुम्ला | १ |
| | | | | | | खत्याड गाउँपालिका, मुगु | १ |
| | | | | | | बाँफिकोट गाउँपालिका, रुकुम-पश्चिम | १ |
| ८ | ५१५।२०८०-०८१ | खुला | प्राविधिक सहायक | शिक्षा-शिक्षा प्रशासन | १ | महावै गाउँपालिका, कालिकोट | १ |
| ९ | ५१६।२०८०-०८१ | खुला | पब्लिक हेल्थ नर्स | स्वास्थ्य-क.न. | ५ | हिमा गाउँपालिका, जुम्ला | १ |
| | | | | | | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | १ |
| | | | | | | महावै गाउँपालिका, कालिकोट | १ |
| | | | | | | मुड्केचुला गाउँपालिका, डोल्पा | १ |
| | | | | | | सिमकोट गाउँपालिका, हुम्ला | १ |

| सि. नं. | वि.नं. | किसिम | पद | सेवा-समूह-उपसमूह | जम्मा पद संख्या | रिक्त निकाय/ स्थानीय तह | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १० | ५१७।२०८०-०८१ | खुला | स्टाफ नर्स | स्वास्थ्य-ज.न. | १ | चिङ्गाड गाउँपालिका, सुर्खेत | १ |
| ११ | ५१८।२०८०-०८१ | खुला | हेल्थ असिस्टेन्ट | स्वास्थ्य-हे.ई. | २ | हिमा गाउँपालिका, जुम्ला | १ |
| | | | | | | भगवतीमाई गाउँपालिका, दैलेख | १ |
| १२ | ५१९।२०८०-०८१ | खुला | कविराज | स्वास्थ्य-आयुर्वेद | १ | सर्केगाड गाउँपालिका, हुम्ला | १ |

**स्थानीय सरकारी सेवाको सहायकस्तर पाँचौं तह प्राविधिक तर्फको बढुवाको लागि सुरक्षित गरिएको पदसंख्याको विस्तृत विवरण**

**१. स्वास्थ्य सेवाबाहेक**

| सि.नं. | बढुवाको किसिम | पद | सेवा-समूह-उपसमूह | जम्मा पद संख्या | रिक्त निकाय/ स्थानीय तह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठता तथा का.स.मु. द्वारा हुने बढुवा | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | ६ | काइके गाउँपालिका, डोल्पा | १ |
| | | | | | शारदा नगरपालिका, सल्यान | १ |
| | | | | | मुसिकोट नगरपालिका, रुकुम-पश्चिम | १ |
| | | | | | गुर्भाकोट नगरपालिका, सुर्खेत | १ |
| | | | | | बाँफिकोट गाउँपालिका, रुकुम-पश्चिम | १ |
| | | | | | बारेकोट गाउँपालिका, जाजरकोट | १ |
| २ | कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवा | सब-इन्जिनियर | इन्जि.-सिभिल-जनरल | ४ | काइके गाउँपालिका, डोल्पा | १ |
| | | | | | दुल्लु नगरपालिका, दैलेख | १ |
| | | | | | सिमकोट गाउँपालिका, हुम्ला | १ |
| | | | | | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |
| ३ | जेष्ठता तथा का.स.मु. द्वारा हुने बढुवा | प्राविधिक सहायक | कृषि-समूहकृत नहुने | १ | आठबीस नगरपालिका, दैलेख | १ |
| ४ | जेष्ठता तथा का.स.मु. द्वारा हुने बढुवा | पशु स्वास्थ्य प्राविधिक | कृषि-भेटेरीनरी | २ | दुल्लु नगरपालिका, दैलेख | १ |
| | | | | | पञ्चपुरी नगरपालिका, सुर्खेत | १ |

**२. स्वास्थ्य सेवा**

| सि.नं. | बढुवाको किसिम | पद | सेवा-समूह-उपसमूह | जम्मा पद संख्या | रिक्त निकाय/ स्थानीय तह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक प्रतियोगिता | हेल्थ असिस्टेन्ट | स्वास्थ्य-हे.ई. | १ | भगवतीमाई गाउँपालिका, दैलेख | १ |